नेपाल सरकार
गृह मन्त्रालय
# काठमाण्डौ उपत्यका प्रहरी कार्यालय
(प्र.अ.मे.नि.को सचिवालय)

कन्ट्रोल : १००
फोन : ०१-४२३१४६६
फ्याक्स : ०१-४२२५७७१
पो.ब.नं. ५६८६

रानीपोखरी, काठमाण्डौ

पत्र संख्या: १-०२-२.१(०७९/०८०)    च.नं. ४१    मिति: २०७९/०४/०१ गते।
प्रा.प.सं. :

## प्रेस विज्ञप्ती

मिति २०७९।०३।२३ गते अन्दाजी १८:३० बजेको समयमा जिल्ला काठमाण्डौ का.म.न.पा. वडा न ७ चावहिलबाट शान्ति गोरेटो तर्फ जाने सडक किनारमा अबस्थित अनिष श्रेष्ठको घरमा रहेको खाजा पसल अगाडीबाट जिल्ला पाचथर तुम्बेया गाउपालिका वडा न ५ घर भई कपन बस्ने वर्ष ४२ को शिव लिम्बुले प्रयोग गर्ने बा ८२ प ५७९ नम्बरको बुलेट मोटरसाईकलको सिट मुनि रातो रगको झोला भित्र कस्तुरीको विना जस्तो देखिने समान बरामद भएको घटना सन्दर्भमा News 24 बाट प्रशारण हुने सिधा कुरा जनतासंग कार्यक्रममा समेत "प्रहरीको शंकास्पद काम, कस्तुरीको बिना प्रकरणमा निर्दोष फसाउने खेल" शिर्षकमा प्रसारित भिडियो समाचार सम्बन्धमा ध्यानाकर्षण भई यस कार्यालयबाट प्रहरी उपरीक्षक दिलिप घिमिरेको सयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन भई छानबिन समितिले अनुसन्धान कार्य पुरा गरि यस कार्यालयमा प्रतिवेदन पेश गरेको हुदाँ छानबिनमा देखिएका कुरा थप स्पष्ट पार्न चाहन्छौं :

**कस्तुरी वीना प्रकरणमा सलग्न व्यक्तिहरु:**



नारायण कार्की भन्ने कृष्ण श्रेष्ठ



आदम भन्ने सुभाष राई

| क्र.स. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | नारायण कार्की भन्ने कृष्ण श्रेष्ठ-५८ वर्ष | मदाने- ३ गुल्मी | शिव लिम्बुको मो.सा.मा सामान राखि हाल प्रहरी अनुसन्धानको क्रममा नियन्त्रणमा रहेको |
| २ | आदम भन्ने सुभाष राई | चिलिडदिड-४ पाचथर | घटनाको मुख्य योजनाकार- फरार |

नेपाल सरकार
गृह मन्त्रालय
काठमाण्डौं उपत्यका प्रहरी कार्यालय
रानीपोखरी, काठमाडौं

**छानविनबाट खुल्न आएका तथ्यहरु:**

- सुवास भन्ने आदम राई र शिव लिम्बु बीच जग्गा सम्बन्धी कारोबार रहेकोमा २०७९ बैशाखमा सुवास भन्ने आदम राईले मादक पदार्थ सेवन गरेर शिव लिम्बुको मोबाईलमा फोन गरी तथानाम गाली गलौज गर्दै तेरो घरमा आई सिध्याई दिन्छु भनि धाकधम्की दिएको र सोही बिषयलाई लिएर ३/४ दिन पछाडि कपनको स्नोकर हाउसमा शिव लिम्बुले सुवास भन्ने आदम राईलाई कुटपिट गरेको।

- सोही कुटपिटको विषयलाई लिएर सुवास राईले नारायण कार्की भन्ने कृष्ण श्रेष्ठसंग बाघको छाला, कस्तुरीको विना राखि निज शिव लिम्बुलाई फसाई बदला लिनु पर्छ भनी योजना बनाई निजलाई निरन्तररुपमा निग्रानी गर्ने क्रममा मिति २०७९।३।२३ गते जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं. ७ चावहिलमा रहेको खाजा घर अगाडि शिब लिम्बुले पार्किङ गरेको मोटरसाईकलको सिट मुनि रातो कपडाले बेरी रातो झोला भित्र लुकाएको कस्तुरीको विना जस्तो वस्तु नारायण कार्की भन्ने कृष्ण श्रेष्ठलाई राख्न लगाई प्रहरीलाई खबर गरेको।

- शिव लिम्बुले सोधपुछको क्रममा केही समय अगाडि सुवास राईसंग झगडा भएको र त्यसैको बदला लिनको लागि निज सुभाष भन्ने आदम राईले नै मलाई फसाएको हो भनि कागज गरेको र उक्त कुरा पक्राउ पर्दाको समयमा समेत निजले घटनास्थलमा सबैले सुन्ने गरी कराएको भन्ने कुरा स्थानिय व्यक्तिहरूबाट समेत खुलेको।

- शिव लिम्बुले प्रयोग गर्ने मोटरसाईकलमा मैले नै सुवास राईको निर्देशनमा नक्कली कस्तुरीको विना राखि दिए पश्चात प्रहरीलाई खबर गरेको हुँ भनि नारायण कार्की भन्ने कृष्ण श्रेष्ठले साविति कागज समेत गरेको आधारमा पनि सुवास भन्ने आदम राई र शिव लिम्बु बीचको आपसी झगडाको कारणले बदलाको भावनाबाट आदम भन्ने सुभाष राईले नारायण कार्की भन्ने कृष्ण श्रेष्ठलाई समेत प्रयोग गरी सो घटना घटाएको देखिन्छ। जसमा प्रहरीलाई सुचना प्राप्त भए पश्चात कानून सम्मत रुपमा प्रहरी कारवाही गर्नु पर्ने दायित्व अन्तर्गत प्रहरी कारवाही भएकोमा उक्त घटनामा प्रहरीको भने कुनै बदनियत र संकास्पद भुमिका नदेखिएको ।

- शिव लिम्बुको बुलेट मोटरसाईकलको सिट मुनि रातो रगको झोला भित्र कस्तुरीको विना जस्तो देखिने समान राख्ने कार्यमा संलग्न नारायण भन्ने कृष्ण श्रेष्ठलाई कानुन बमोजिम थप अनुसन्धानको लागी जिल्ला प्रहरी परिसर काठमाण्डौ पठाईएको र उक्त वारदातका मुख्य योजनाकार सुभाष राई हाल फरार रहेकोले निजको तदारुकताका साथ खोजतलाश भई रहेको।

- कस्तुरीको विना सहित पक्राउ परेका शिव लिम्बुलाई थप अनुसन्धान तथा कारबाहीको लागि मिति २०७९/०३/२४ गते डिभिजन वन कार्यालय, हात्तीसार, काठमाण्डौ पठाएकोमा निजको मोटरसाईकलको सिट मुनिबाट बरामद भएको कस्तुरीको विना जस्तो देखिने वस्तु नक्कली हो भनि राष्ट्रीय विधि विज्ञान प्रयोगशालाको मिति २०७९।३।३० परिक्षण प्रतिवेदन समेत प्राप्त भएको सन्दर्भमा डिभिजन बन कार्यालय काठमाण्डौबाट आवश्यक प्रक्रियामा रहेको।

**प्रहरी उपरीक्षक**
**(सन्तोष सिंह राठौर)**
**काठमाण्डौ उपत्यका प्रहरी प्रवक्ता**